**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**राष्ट्रिय ट्रमा सेन्टर, काठमाण्डौ**
**सिलवन्दी बोलपत्र आहावान सम्वन्धि सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७४/१०/२०**

१) यस राष्ट्रिय ट्रमा सेन्टर, काठमाण्डौको लागि आबश्यक पर्ने **औषधि तथा औषधिजन्य सामानहरु सिलवन्दी बोलपत्रका माध्यमबाट खरिद गर्नु पर्ने भएकोले** इच्छुक संस्था/ फर्म/ कम्पनीहरुबाट यो सिलबन्दी **बोलपत्र** आह्वान गरिएको छ ।

२) यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २०७४/११/२० गते ३० औं दिनको कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा तथा मू.अ.कर, आ.व. (०७३/०७४ को) करचुक्ताको प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न राखी तपसिलमा उल्लेखित काममा तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने) नगदै दाखिला गरी वा यस अस्पतालको रा.वा. वैंक भोटाहिटी शाखाको चल्ती खाता नं १३६०००२८२८०१ जम्मा गरेको रकमको सक्कलै बैंक भौचर संलग्न राखी अस्पतालको खरिद ईकाईमा वोलपत्र खरिदको लागि निवेदन दिनुपर्ने छ ।

३) बोलपत्रदाताले आफुले दाखिला गर्ने सिलबन्दी दरभाउपत्र मिति २०७४/११/ २१ गते (सूचना प्रकाशित भएको मितिले ३१ औं दिन) दिन १२:०० वजेभित्र यस अस्पतालको रा.वा. वैंक भोटाहिटी शाखामा हि.नं. **१३६०००२८२८०१ मा** तपशिलमा उल्लेखित रकम मान्यता प्राप्त वाणिज्य वैकवाट यस अस्पतालको नाममा जारी भएको ९० दिन मान्य अवधि रहने गरी (बोलपत्र खोलेको मिति वाट गणना हुने) म्याद भएको वैक ग्यारेन्टी (विड वण्ड) का साथै प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाभ्किएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित रुपमा घोषणा गरेको कागजातहरुको सक्कल प्रति अनिवार्य संलग्न गर्नु पर्नेछ । तथा सोही दिनको २:०० बजेभित्र उपरोक्त उल्लेखित कागजातहरु को अतिरिक्त सि.नं.१ म उल्लेखित कागजातहरुको सक्कल तथा प्रमाणित कागजातहरु यस अस्पतालको सम्बन्धित कामको Bidding Document समेतमा वोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस अस्पतालमा अनिवार्य दर्ता गराई सक्नुपर्नेछ । उपरोक्त वमोजिम नभएको वोलपत्र उपर कारवाही गरिनेछैन ।

४) बोलपत्रदाता वा सिलबन्दी दरभाउपत्रदाताले ले आफुले कवोल गरेको बोलपत्रमा वा सिलबन्दी दरभाउपत्रमा कुनै संसोधन वा फिर्ता गर्न चाहेमा सो व्यहोराको पत्र लेखी Power of Attorney तोकी लिखित रुपमा सिलवन्दी गरी सम्वन्धित फर्म कम्पनीको सहि छाप लगाई सिलवन्दी दरभाउपत्र वा बोलपत्र खोलिने दिनको २.०० वजे भित्र अनिवार्य निवेदन दर्ता गरिसक्नु पर्नेछ । उक्त समयभित्र दर्ता नभएको सिलवन्दी बोलपत्र वा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातउपर कुनै कारवाही गरिनेछैन

५) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खोलेको दिन र सोही समयमा हुनेछ । बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० वजे बोलपत्रदाता वा वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र वा सिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।

६) सिलवन्दी बोलपत्रदाताले BOQ को प्याकेजमा उल्लेखित सबै आईटमहरुमा दररेट अनिवार्य रुपमा भर्नु पर्नेछ र दररेट उल्लेख गर्दा मु.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । उपरोक्त प्याकेजका सबै आईटमा दररेट नभरेको बोलपत्र वा दरभाउपत्र मूल्यांकनमा समाबेश हुने छैन।

७) बोलपत्रमा उल्लेखित सामानको परिमाण अस्पतालको आवश्यकता अनुसार थपघट भएमा पनि बोलपत्रदाताले स्वीकार गर्नुपर्नेछ ।

८)  एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको सिलवन्दी बोलपत्र फाराम अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइनेछैन ।

९)  बोलपत्रदाताहरुलाई सिलवन्दी बोलपत्र सम्बन्धी विस्तृत जानकारीको लागि २०७४ फाल्गुन ८ गते दिनको २ :०० वजे यस अस्पतालमा Pre-bid Meeting आयोजना गरिनेछ ।

१०) यो सूचनामा उल्लेखित कागजात संलग्न नभएको, रीत नपुगेको, म्याद नाघी वा अन्य कुनै शर्त राखेको सिलवन्दी बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

११) सिलवन्दी बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक मात्र स्वीकृत गर्ने वा रद्द गर्ने भन्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ । बोलपत्र दाताले आफूले बोलपत्र दाखिला गर्ने समयमा सबै आईटमको नमूना अनिबार्य पेश गर्नु पर्ने छ । नमूना पेश नभएको बोलपत्र मूल्यांकन गर्न कार्यालय बाध्य हुने छैन ।

१२) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम कानून अनुसार हुनेछ ।

१३) बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धि अन्य थप जानकारी लिन चाहेमा यस अस्पतालको खरिद ईकाई मा सम्पर्क गर्न सकिने छ।

१४) बोलपत्र सम्बन्धी केही कुरा थपघट संशोधन भएमा अस्पतालको सूचना पाटीमा टाँस गरी जानकारी गराईने छ

१५) औषधीजन्य समानको हकमा ISO certified र WHO-GMP पाप्त गरेको हुनु पर्ने छ । Expiry Date कम्तीमा पनि १८ महिना सम्मको हुनु पर्ने छ र ISO Certificate वा WHO-GMP प्राप्त गरेको Certificate बोलपत्रसाथ पेश गर्नु पर्ने छ ।

१६) टुटफुट, सडेगलेका, म्याद गुज्रेका सामानहरु अस्पतालले कुनै पनि अबस्थामा स्वीकार गर्ने छैन । बोलपत्र बुझाउंदा प्रत्येक आइटमको नमूना समेत उपलब्ध गराउनु पर्ने छ र सो सामानहरुको प्राबिधिक कमिटीबाट मूल्यांकन भए पछि अन्तिम हुने छ ।

**तपसिल :**

| सि न. | प्याकेज नं. /ठेक्का नं. | बोलपत्र पेश गर्ने माध्यम | बिबरण | वोलपत्र खरिद गर्ने म्याद | बोलपत्र दस्तुर | बोलपत्र वापत जमानत दस्तुर रकम रु.. |
|---|---|---|---|---|---|---|
| १ | ९/२०७४/२०७५ | हार्ड कपी | अस्पतालको लागि आबश्यक पर्ने औषधी तथा औषधि जन्य सामानहरु आपूर्ति गर्ने काम | ३० दिन | ३०००। | ३,१५,०००।- |